# CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

# आर्थिक वर्ष २०८१ /०८२ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित
अनुसूची-१४

**चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

## १. वित्तीय विवरण :-

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८१/०८२ (२०२३/२०२४) को २०८१ श्रावण १ देखि २०८१ असोज ३० (जुलाई १६, २०२४ देखि अक्टोवर १६ ,२०२४ ) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ।

(क) आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण:-
आर्थिक बर्ष २०८१/०८२ को कम्पनीको पहिलो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसुचि १ मा प्रस्तुत गरिएको छ। पहिलो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको।

(ख) कम्पनीको पहिलो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

| विवरण | यस आ.व.को पहिलो त्रैमासिक अवधि (असोज ३०, २०८१ को अन्त्यमा) | अघिल्लो त्रैमासिक अवधि (आषाढ ३१ २०८१ को अन्त्यमा) | गत आ.व. को पहिलो त्रैमासिक अवधि (असोज ३०,२०८० को अन्त्यमा ) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | १.२६ | १.३२ | १.६७ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | ०.०२ | ०.१५ | ०.०२ |
| प्रति शेयर आम्दानी (रु) | १.६६ | १४.५६ | १.३९ |
| प्रति शेयर नेटवर्थ (रु) | ९७.०६ | ९५.३९ | ८६.११ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २३५.९० | २३७.२५ | २४०.७० |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | ९४८ | ९०८ | १०६६ |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | ५६९.६५ | ६२.३६ | ७६५.१३ |
| चालु अनुपात | ३.२२ | १.८६ | ३.२५ |

## २. व्यवस्थापकीय विश्लेषण :-

(क) आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रयमास अवधि सम्मको आर्थिक गतिविधि सन्तोषजनक रहेको छ। हालैमा भएको भिषण वर्षा तथा सो बाट सिर्जित बाढी पहिरोको प्रकोपबाट कम्पनीमा समेत प्रभाव पर्न गयो। प्राकृतिक प्रकोपका कारण कम्पनी भ्रमणमा आउने पर्यटकहरूको संख्यामा करिव दुई सातासम्म उलेख्य कमी आयो तथा रिसोर्टका सो समयका अधिकांस बुकिङ्गहरू समेत रद्द भए। यसका बावजुत कम्पनीको कारोवारमा पछिल्लो आर्थिक वर्ष भन्दा केही मात्र प्रभाव पर्न गयो।

(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्यांक अनुसार हवाई मार्गबाट यात्रा गर्ने पर्यटकहरूको आगमन संख्याको मासिक औसत वृद्धि हुदै आएको छ। यसका साथै यस अवधीमा स्थल मार्गबाट विषेश गरि भारतीय र बंगलादेशका पर्यटकहरूको उल्लेख्य मात्रामा आव(ागमन भएको छ। यस किसिमको पर्यटकको आवागमन वृद्धिले यस कम्पनीका सेवाको उपभोगमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ।

(ग) यस चन्द्रागिरि हिल्सको मनोरम र अद्वितीय प्राकृतिक वातावरण तथा उपलब्ध गराएका पर्यटकिय उपजहरूको विकास र समुचित उपयोग, ग्राहक केन्द्रित सेवा प्रदान, गर्दै विश्व पर्यटन बजारमा कम्पनीको प्रचार प्रसार तथा कम्पनीको रिसोर्टमा आउन चाहने पर्यटकहरूको सहजत(ालाई दृष्टिगत गर्दै अनलाइन बुकिंग तथा केवलकार टिकट खरिद सेवालाई थप सहज बनाईएको छ। यसका साथै कम्पनीबाट आन्तरिक पर्यटकहरूका लागि पनि समय समयमा विशेष छुट सहितको प्याकेजहरू प्रदान गरिदैं आएको छ। यसबाट बाह्य र आन्तरिक पर्यटकको आवागमनमा बृद्धि हुने अपेक्षा गरिएको छ।

घ) कम्पनी केवलकार सेवालाई सत प्रतिशत सुरक्षित रुपमा संचालन गर्नका लागि यस कम्पनीमा कार्यरत दक्ष कर्मचारीहरू प्रतिबद्ध र अहोरात्र खटिरहहेका छन्। अकस्मात आउने स साना प्राविधिक समस्या समाधान गर्न अपनाउनु पर्ने सुरक्षाका उपायहरू तथा उपकरणहरूको सहि प्रयोग गर्नका लागि कुनै समस्या रहेको छैन। साथै कम्पनीले सुरक्षा निकायसंग समेत समन्वय गरि विपद लगयतका काममा सहकार्य गरि आएको छ।

(ङ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आइएको छ। यसका साथै कम्पनीबाट कर्जाको केही रकम अग्रीम भुक्तानी समेत गरिएको छ। यसबाट मासिक ब्याज खर्च केही कमी आउनुका साथै कम्पनीको आर्थिक अवस्था मजबुत हुदै गएको संकेत् गर्दछ।

च) कम्पनीबाट रिसोर्ट परिसरमा पर्यटकहरूको सुविधाका लागि नेपालकै उत्कृट संस्था संग सम्झौता गरि स्पा को सेवा पुन संचालनमा ल्याएको छ। यसका साथै साँझको समयमा बारमा लाइभ ब्याण्ड सहितको प्रस्तुति तथा फिटनेस सेन्टरको समेत शुरुवात गरिएको छ।

## ३. कानुनी कारबाही सम्बन्धी विवरण :-

(क) आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रैमासिक अवधि सम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

## ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| पहिलो त्रैमासिक (२०८१ असोज ३० (तदनुसार अक्टोवर १६, २०२४ सम्म) | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| | १३२० | ८६५ | ९४८ | ५७ | ४०,३२२ | ४१,२२,९५० |

## ५. समस्या तथा चुनौती :-

**(क) समस्या तथा चुनौतीहरू :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको।

**(आ) वाह्य**

१. अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरूको कारणवाट देशको आन्तरिक तथा वाह्य पर्यटन उद्योगमा पर्न सक्ने प्रभाव।
२. देशमा विद्यामान अस्थिर राजनैतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा पर्न सक्ने प्रभाव।
३. पर्यटकिय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणधिन कामको पनि सुस्त गतिका कारण आन्तरिक तथा बाहूय पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव।
४. देशको अस्थिर राष्ट्रिय नीतिहरू र नियमवाट विषेश गरि पर्यटकीय क्षेत्रमा पर्ने सक्ने प्रभाव।
५. पर्यटन प्रवर्धनमा पर्यटन सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायको ब्ननचभककक्षखभ एचयफयतष्यल हुनु पर्नेमा निर्ष्कृयताका कारण कुनै गतिविधि नहुनु।
६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु।
७. विदेशी विनियम दरमा आउने परिवर्तन।

**(ख) रणनीति :**

क) कम्पनीप्रति आम जनमानसबाट प्राप्त सकरात्मक धारणा र कम्पनीको संचालक समिति तथा व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष रुपमा अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरूको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा बृद्धि हुनुका साथै रिर्सोटमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा निरन्तर बृद्धि भैरहेको छ।

ख) कम्पनीमा उपलब्ध सबै सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्प(नीको आम्दानीमा बृद्धि हुने गरी बजार व्यवस्थापनका कर्ममा उच्च प्राथमिकता दिईएको छ।

ग) चन्द्रागिरि हिल्सको भ्रमणलाई हरेक व्यक्तिको जीवनको उत्कृष्ट र अविस्मरणीय पलका रुपमा स्थापित गराउने उद्देश्यका साथ विभिन्न गति(विधि संञ्चालन गएिको छ। आन्तरिक पर्यटकहरूका लागि रिसोर्टमा विभिन्न छुटहरू सहितको प्याकेजहरू प्रदान गर्ने कार्य निरन्तर भैरहेको छ। यस किसिमका प्याकेजका कारण आन्तरिक पर्यटकको आवागमनमा वृद्धि हुने अपेक्षा गरिएको छ।

## ६. संस्थागत सुशासन :-

संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्धारा चालिएका कदम संम्बन्धी विवरण देहाय बमोजिम रहेका छन:

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिएको छ ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गरी सो माथी विस्तृत छलफल हुने गरेको छ।

(ग) कम्पनीले नियमनकारी निकायद्धारा जारी गरिएका नियम, विनियम र निर्देशनहरूको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरूको पूर्ण पालना गर्दछ।

घ) कम्पनीको कर्मचारी विनियावलीरनीति तथा आर्थीक नीति तयार गरि सोही नीतिभित्र रहेर सबै कामकारबाही गरि आइएको छ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य,तथ्य,र पूर्ण छन र लगान कर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन।

---

**अनुसुची १**

**Chandragiri Hills Limited**

Kathmandu, Nepal

**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**

As on Ashwin 30, 2081 BS (October 16, 2024)

| Particulars | Upto This Quarter ending on Ashwin 30, 2081 BS (October 16, 2024) Unaudited | Upto Previous Quarter ending on Ashad 31, 2081 BS (July 15,2024) Unaudited | Corresponding Previous Quarter ending on Ashwin 30, 2080 BS (October 17, 2023) Unaudited |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 2,984,141,902 | 2,967,381,996 | 2,973,758,225 |
| (ii) Intangible Asset | 4,255,189 | 3,528,078 | 2,852,421 |
| (iii) Capital Work in Progress | - | 13,289,367 | - |
| (iv) Right of Use of Asset | 43,033,874 | 41,205,509 | 46,690,605 |
| (b) Long term Investment | 315,700,000 | 315,700,000 | 315,700,000 |
| Deferred tax asset | | | |
| **Total of Non- Current Asset** | **3,347,130,965** | **3,341,104,950** | **3,339,001,251** |
| **Current Assets** | | | |
| (a) Inventories | 45,050,308 | 35,703,082 | 50,072,171 |
| (b) Account Receivables | 24,705,289 | 33,517,309 | 32,953,326 |
| (c) Cash & Cash Equivalent | 106,625,174 | 129,246,073 | 158,807,161 |
| (d) Loans & Advances | 70,186,651 | 71,738,911 | 88,721,977 |
| (e) Other Current Assets | 25,297,561 | 28,388,363 | 22,981,650 |
| **Total of Current Asset** | **271,864,983** | **298,593,738** | **353,536,285** |
| **Total Asset** | **3,618,995,948** | **3,639,698,688** | **3,692,537,536** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | (45,148,275) | (70,678,142) | (213,098,181) |
| Total Equity, Reserve and Surplus | 1,488,942,725 | 1,463,412,858 | 1,320,992,819 |
| **Non- Current Liabilities** | | | |
| (a) Long-term borrowings | 1,879,664,578 | 1,938,443,719 | 2,206,134,062 |
| (b) Deferred Tax Liabilites | 113,949,883 | 26,505,352 | 9,912,329 |
| (c ) Lease Liability | 52,075,024 | 51,077,295 | 46,690,605 |
| **Total of Non-Current Liabilities** | **2,045,689,485** | **2,016,026,366** | **2,262,736,996** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 23,052,804 | 18,483,853 | 3,741,565 |
| (b) Account payable | 12,046,932 | 19,515,923 | 25,110,760 |
| (c) Other Current Liabilities | 49,264,002 | 122,259,689 | 79,955,398 |
| **Total of Current Liabilities** | **84,363,737** | **160,259,465** | **108,807,722** |
| **Total Equity and Liabilities** | **3,618,995,948** | **3,639,698,688** | **3,692,537,536** |

**STATEMENT OF PROFIT & LOSS FOR THE PERIOD ENDED on Ashwin 30, 2081 BS (October 16, 2024)**

| Particulars | Upto This Quarter ending on Ashwin 30, 2081 BS (October 16, 2024) Unaudited | Upto Previous Quarter ending on Ashad 31, 2081 BS (July 15,2024) Unaudited | Corresponding Previous Quarter ending on Ashwin 30, 2080 BS (October 17, 2023) Unaudited |
|---|---|---|---|
| Revenue from Operation | 195,875,589 | 1,000,115,981 | 206,159,928 |
| Cost of sales | 26,210,605 | 129,757,390 | 26,259,613 |
| **Gross Income** | **169,664,983** | **870,358,591** | **179,900,315** |
| Other Income | 754,453 | 10,115,898 | 6,109,106 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 45,935,552 | 191,075,387 | 40,525,972 |
| Administrative and Other Expenses | 24,655,843 | 116,629,444 | 33,049,547 |
| **Total Expenses** | **70,591,394** | **307,704,831** | **73,575,519** |
| **Profit Before Interest, Depreciation and Tax** | **99,828,042** | **572,769,658** | **112,433,902** |
| Finance costs | 44,969,625 | 231,737,293 | 63,370,031 |
| **Profit Before Depreciation and Tax** | **54,858,416** | **341,032,365** | **49,063,871** |
| Depreciation and Amortization Expenses | 29,328,550 | 110,762,028 | 27,690,507 |
| **Profit before extra ordinary items and taxes** | **25,529,867** | **230,270,337** | **21,373,364** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax (Income)/Expenses | | 6,882,344 | - |
| **Profit (Loss) for the period from continuing operations** | **25,529,867** | **223,387,993** | **21,373,364** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **25,529,867** | **223,387,993** | **21,373,364** |
| Earning per equity share: | | | |
| Basic Earning per share | 1.66 | 14.56 | 1.39 |
| Diluted Earning per share | 1.66 | 14.56 | 1.39 |